Citizen Life Insurance

समृद्धि तपाईंको, साथ हाम्रो

# सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड



# अब सुरक्षा सबैको लागि सधैँको लागि ।

प्रकाशित मितिः जेष्ठ, २०८१

## कम्पनी परिचय

जीवन बीमा सेवालाई हरेक नेपालीको पहुंचमा पुऱ्याई देशभर छरिएर रहेको आर्थिक साधन र श्रोतलाई बीमा शुल्कका रुपमा संकलन गरी राष्ट्रिय गौरवका परियोजना निर्माण गर्न आवश्यक पूंजी जुटाई देशको समग्र अर्थतन्त्रलाई टेवा दिदै जीवन बीमाको माध्यम मार्फत सर्वसाधारणको सुरक्षा र सामाजिक स्तर बढाउन सहयोगी भूमिका निर्वाह गर्ने उद्देश्यले कम्पनी ऐन २०६३ अन्तर्गत पब्लिक लिमिटेड कम्पनीको रुपमा २०६४ साल आषाढ १२ गते यस सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको स्थापना भएको छ । यस कम्पनीले बीमा ऐन २०४९ बमोजिम मिति २०७४ साल भाद्र ०७ गते बीमा व्यवसायको नियमनकारी निकाय श्री नेपाल बीमा प्राधिकरणबाट जीवन बीमा व्यवसाय गर्न इजाजत प्राप्त गरी मिति २०७४ साल कार्तिक ०२ गतेबाट कारोबार सञ्चालनमा रहेको छ ।

यस कम्पनीलाई संस्थागत रुपमा शिखर इन्स्योरेन्स कम्पनी लि., कान्तिपुर पब्लिकेशन्स लि., हिमालय इन्फ्रास्ट्रक्चर फण्ड लि., पन्चकन्या प्लास्ट प्रा. लि., हाथवे इन्भेष्टमेन्ट लि., गुडविल फाइनान्स लि. लगायतले प्रवर्द्धन गरेका छन् । यसका साथै नेपालका प्रतिष्ठित एअरलाइन्स कम्पनीका लगानीकर्ता, विभिन्न बैंक तथा वित्तीय संस्था एवम् बीमा कम्पनीका प्रमुख कार्यकारी तथा वरिष्ठ अधिकृतहरु, प्रतिष्ठित चार्टड एकाउन्टेन्ट एवम् डाक्टरहरु लगायत प्रतिष्ठित औद्योगिक तथा व्यवसायिक समूह तथा अन्य प्रतिष्ठित पेशा र व्यवसायमा ख्याती प्राप्त व्यक्तिहरुद्वारा समेत यस कम्पनीलाई प्रवर्द्धन गरिएको छ । यस कम्पनीले पुनर्बीमा सम्बन्धी सम्झौता नेपाल पुनर्बीमा कम्पनी लिमिटेड र हिमालयन रिइन्स्योरेन्स लिमिटेडसंग सम्पन्न गरेको छ ।

यस कम्पनीले आफ्नो व्यवसायिक कारोवार शुरुवात गरेको छोटो समयमानै देशभर स्थापना गरिएका १३५ शाखा/उपशाखा कार्यालयहरु मार्फत आधुनिक प्रविधिको प्रयोग गरी ग्राहकवर्गलाई गुणस्तरीय सेवा प्रदान गरिरहेको छ ।

## जीवन बीमाको परिभाषा र महत्व

बीमा भनेको जोखिम हस्तान्तरण गरिने एउटा माध्यम हो । मानवलाई आईपर्ने आर्थिक क्षति, हानी नोक्सानीलाई सम्झौता बमोजिम क्षतिपूर्ति गरिने व्यवस्थालाई नै बीमा भनिन्छ । बीमा गर्दा बीमित (बीमा गर्ने व्यक्ति)ले प्रस्ताव फारम (बीमा गर्दा भरिने विवरणहरु) को माध्यमबाट बीमक (बीमा कम्पनी) र बीमित (बीमा गर्ने व्यक्ति) बीच करार वा सम्झौता गरिन्छ, जस अनुसार बीमितको बीमा सम्बन्धी जोखिम बीमकलाई हस्तान्तरण गरिन्छ । यसरी बीमितको जोखिम बीमकमा हस्तान्तरण गर्दा बीमा शुल्क भुक्तानी गरेपछि मात्र बीमा करार लागू हुन्छ।

सामान्यतया नेपालमा जीवन बीमा भन्नाले मृत्यु पश्चात पाउने भुक्तानी भनेर बहुसङ्ख्यकको बुझाइ रहेको छ, जुन आफैमा सही होइन। जीवन बीमा आर्थिक सुरक्षा प्रदान गर्ने आजको युगको नौलो र चमत्कारीक आविष्कार हो । बीमाको अवधि पूरा भए पछि बीमा करार (बीमालेख) मा उल्लेखित बीमाङ्क रकम र सो मा आर्जित बोनस रकम बीमितलाई एकमुष्ठ भुक्तानी गरिन्छ । यसरी जीवन बीमाबाट एकमुष्ठ प्राप्त रकमले परिवारको स्तरीय जीवनयापन गर्न मद्दत पुऱ्याउनुका साथै बालबालिकाहरुको उच्च शिक्षा, विवाह, ब्रतबन्ध जस्ता सामाजिक कार्यहरु गर्नका लागि हुने ठूलो खर्चको योजना तथा व्यवस्थापन गर्नमा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

यसका साथै जीवन बीमाले परिवारमा आय आर्जन गर्ने व्यक्तिको असामयिक निधन वा दुर्घटनाका कारण स्थायी रुपमा आय आर्जन गर्न अशक्त भएको अवस्थामा समेत बोनस सहित बीमाङ्क रकम बीमित वा बीमितका आश्रितलाई एकमुष्ठ प्रदान गर्ने भएकोले यस्ता अकल्पनीय घटना घटेको अवस्थामा समेत आर्थिक संकटबाट सुरक्षित हुन प्रत्यक्ष सहयोग गर्दछ । जीवन बीमा मात्र एक त्यस्तो भरपर्दो माध्यम हो जसले फजुलमा हुने स-सानो खर्चलाई बचतमा रुपान्तरण गर्ने बानीको विकास गराउछ । यसरी विभिन्न बीमितहरुबाट अनिवार्य बचतका रुपमा संकलन भएको स-सानो रकम देशको आर्थिक विकासका लागि अपरिहार्य राष्ट्रिय गौरवका विभिन्न परियोजनामा लगानीको साधनमा रुपान्तरण हुन्छ ।

अत: जीवन बीमाले भविष्यमा आइपर्ने विभिन्न आर्थिक संकटहरुमा बीमित तथा निजमा आश्रित व्यक्तिहरुको साथ दिनुका साथै देशको सामाजिक तथा आर्थिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

## जीवन बीमामा जोखिम तथा बीमाशुल्क निर्धारण गर्ने आधारभूत तत्वहरू

जीवन बीमामा सम्भावित जोखिमको आधारमा बीमाशुल्क निर्धारण गरिन्छ । सम्भावित जोखिमको पहिचान वा निर्धारण गर्न आधार चाहिन्छ जुन आधारहरु निम्न प्रकारका छन :

(क) प्रस्तावकको उमेर, लिङ्ग

(ख) प्रस्तावकको पारिवारिक इतिहास

(ग) प्रस्तावकको पेशा, शैक्षिक योग्यता तथा आर्थिक स्थिति

(घ) प्रस्तावकको आचरण, शारीरिक बनावट तथा स्वास्थ्यको अवस्था

(ङ) बीमा योजना तथा अवधि

सिटिजन
जीवन सारथी योजना
"बाचुन्जेलको साथी, अब एउटै बीमा काफी"

# सिटिजन जीवन सारथी बीमा योजना

## सावधिक, अग्रिम भुक्तानी तथा आजीवन बीमाको सुविधा सहितको एउटै बीमा योजना

हामीलाई थाहा छ प्रत्येक व्यक्तिको नियमित आम्दानी गर्न सक्ने एउटा निश्चित उमेर हुन्छ । सो उमेर पश्चात सामान्यतया जीवन जिउन अरुको सहारा लिनुपर्दछ जुन आफूले सोचेजस्तो सार्थक नहुन पनि सक्छ । तसर्थ नियमित आम्दानी गर्ने उमेर पछि आर्थिक सुरक्षाको प्रत्याभूति भई सार्थक र सहज जीवन जिउन सिटिजन लाइफले प्रस्तुत गरेको छ सिटिजन जीवन सारथी बीमा योजना ।

बाचुन्जेलको साथी...एउटै बीमा काफी भन्ने नाराका साथ जीवन बीमा इतिहासमा **"नेपालमै पहिलो पटक डबल+बोनस"** बीमाङ्क रकमको दुई गुणा साथै बोनस रकम त्यो पनि आफ्नै पालामा भन्ने नारालाई सार्थक तुल्याउन यस कम्पनीले प्रचलनमा ल्याएको सिटिजन जीवन सारथी बीमा योजनाले बीमा अवधिभर बीमितको जोखिम बहन गर्नुका साथै बीमितको वित्तीय आवश्यकताहरु पूरा गर्नका लागि बीमा अवधिभित्र बीमा परिपक्व (Maturity) मितिमा बीमाङ्क रकम तथा नियमानुसार बोनस रकम तथा बीमा परिपक्व मिति पछि निश्चित समयको अन्तरालमा निश्चित किस्ताबन्दीमा थप बीमाङ्क रकम बीमितलाई भुक्तानी गरिन्छ ।

### विशेषताहरू:

| | |
|---|---|
| प्रवेश उमेर | : १८ वर्ष देखि ६० वर्ष |
| अधिकतम बीमाशुल्क भुक्तानी उमेर | : ६५ वर्ष |
| अधिकतम बीमा समाप्ति उमेर | : ९० वर्ष |
| बीमा अवधि | : ३० वर्ष देखि ७२ वर्ष |
| बीमाशुल्क भुक्तानी अवधि | : ५ वर्ष देखि ४७ वर्ष |
| न्यूनतम बीमाङ्क रकम | : रु. ५०,०००/- |
| अधिकतम बीमाङ्क रकम | : बीमितको आयको आधारमा कम्पनीको जोखिमाङ्कन नीति अनुसार |
| बीमाशुल्क भुक्तानी तरिका | : एकल, वार्षिक, अर्धवार्षिक, त्रैमासिक |
| बीमालेख परिपक्व (Maturity) | : बीमाशुल्क भुक्तानी अवधि समाप्ती पश्चात् |

### बीमा रक्षावरण उमेर :

(क) दुर्घटनाबाट मृत्यु एवं स्थायी पूर्ण अशक्तता : ७० वर्ष सम्म

(ख) अन्य कुनै कारणबाट मृत्यु : ९० वर्ष सम्म



## बीमा लाभ भुक्तानी:

### जीवित लाभ:

• बीमालेख परिपक्व (Maturity) मिति सम्म बीमित जीवित रहेमा बीमालेखको शर्तहरुको अधिनमा रही उक्त मितिमा बीमाङ्क र नियमानुसारको बोनस रकम भुक्तानी ।

• बीमालेख परिपक्व (Maturity) पछि बीमितको उमेर ७० वर्ष पूरा भएको बीमालेखको पहिलो वार्षिकोत्सव तथा त्यसपछि हरेक ५/५ वर्षमा बीमितको उमेर ९० वर्ष पुगुन्जेलसम्म देहाय बमोजिम अतिरिक्त रकम भुक्तानी गरिनेछ:

| बीमालेखको वार्षिकोत्सव | भुक्तानी हुने रकम |
|---|---|
| बीमित को उमेर ७० | बीमाङ्कको २०% |
| बीमित को उमेर ७५ | बीमाङ्कको २०% |
| बीमित को उमेर ८० | बीमाङ्कको २०% |
| बीमित को उमेर ८५ | बीमाङ्कको २०% |
| बीमित को उमेर ९० | बीमाङ्कको २०% |

• बीमित को उमेर ९० वर्ष सम्मको बीमा अवधिको रकम भुक्तानी पछि बीमालेख समाप्त (Terminate) हुनेछ । कथमकदाचित बीमालेखको अवधि समाप्त (Terminate) हुनु अगावै बीमितको मृत्यु भएमा बीमाङ्क रकममा उपरोक्त तालिका बमोजिम भुक्तानी भएको रकम कट्टा गरी बांकी रकम बीमितले इच्छाएको व्यक्ति वा निजको हकवालालाई भुक्तानी गरिनेछ ।

### मृत्यु लाभ:

• बीमालेख परिपक्व (Maturity) मिति अगावै बीमितको मृत्यु भएमा बीमालेखको शर्तहरुको अधिनमा रही बीमाङ्क (दुर्घटनाबाट मृत्यु भएमा सो को बीमाङ्क समेत) र नियमानुसार बोनस रकम भुक्तानी गरिनेछ ।

• बीमालेख परिपक्व भई बीमाङ्क र बोनस रकम भुक्तानी पश्चात् बीमितको उमेर ७० वर्ष पुग्नु अघि मृत्यु भएमा बीमालेखको बीमाङ्क रकमका साथै दुर्घटनाबाट मृत्यु भएमा सोको बीमाङ्क रकम समेत भुक्तानी गरिनेछ ।

• बीमितको उमेर ७० वर्ष पुगे पश्चात बीमितको मृत्यु भएमा बीमाङ्क रकमबाट ७० वर्ष पश्चात जीवित लाभ खण्डको तालिका बमोजिम भुक्तानी भएको रकम कट्टा गरी बांकी रकम बीमितले इच्छाएको व्यक्ति वा निजको हकवालालाई भुक्तानी गरिनेछ ।

सिटिजन अग्रिम भुक्तानी
जीवन बीमा योजना
Citizen Regular Pay Money Back Insurance Plan

## सिटिजन अग्रिम भुक्तानी जीवन बीमा योजना

सिटिजन अग्रिम भुक्तानी बीमा योजनाले बीमा अवधिभर बीमितको जोखिम बहन गर्नुका साथै वित्तीय आवश्यकताहरु पूरा गर्नका लागि बीमा अवधिभित्र निश्चित समयको अन्तरालमा बीमाङ्कको निश्चित प्रतिशत रकम तथा बीमा अवधि समाप्तीमा बांकी बीमाङ्क रकम र बीमा अवधिमा मूल बीमाङ्क रकमबाट आर्जित बोनस एकमुष्ट बीमितलाई भुक्तानी गर्ने सुविधा प्रदान गर्दछ ।



## विशेषताहरू:

| | |
|---|---|
| प्रवेश उमेर | : १८ वर्ष देखि ५५ वर्ष |
| अधिकतम बीमा समाप्ति उमेर | : ७० वर्ष |
| बीमा अवधि | : १२, १५, १८ र २१ वर्ष |
| न्यूनतम बीमाङ्क रकम | : रु. ५०,०००/- (पचास हजार) |
| अधिकतम बीमाङ्क रकम | : बीमितको आयको आधारमा कम्पनीको जोखिमाङ्कन नीति अनुसार |
| बीमाशुल्क भुक्तानी तरिका | : वार्षिक, अर्धवार्षिक, त्रैमासिक |

**(क) बीमालेख चालु रही बीमा अवधि सम्म बीमित जीवित रहेमा बीमालेखको शर्तहरुको अधिनमा रही देहाय अनुसार भुक्तानी गरिने:**

१ बीमा प्रारम्भ मितिले पहिलो एक तिहाई अवधि पुगेको वर्ष दिवसमा बीमाङ्कको २५% रकम ।

२ बीमा प्रारम्भ मितिले दुई तिहाई अवधि पुगेको वर्ष दिवसमा बीमाङ्कको ३०% रकम ।

३ बीमा समाप्ति मितिमा बीमाङ्कको ४५% रकम र नियमानुसारको बोनस रकम ।

**(ख) बीमालेख चालु रही बीमा समाप्ति अगावै बीमितको मृत्यु भएमा बीमालेखको शर्तहरुको अधिनमा रही उपरोक्त (क) अनुसार भुक्तानी भैसकेको रकम नघटाई शत प्रतिशत बीमाङ्क र नियमानुसारको बोनस रकम इच्छाइएको व्यक्ति वा नजिकको हकवालालाई एकमुष्ट भुक्तानी गरिनेछ ।**

सिटिजन बाल भविष्य योजना प्लस
Citizen Child Future Plan Plus

# सिटिजन बाल भविष्य योजना प्लस

यस योजनाले अभिभावकलाई आफ्नो बालबालिकाको उज्जवल भविष्यको लागि सोचे जस्तो उच्च शिक्षा हासिल तथा व्यवसायिक पेशा शुरुवात गराउन एवम् भैपरी आउने अन्य खर्च टार्नका निमित्त आवश्यक रकमको सजिलैसँग व्यवस्था गर्न मद्दत गर्दछ । यस योजना अन्तर्गत अभिभावक र बच्चा दुवै जनाको जोखिम बहन प्रस्तावक र बीमितको रुपमा गरिन्छ ।

## विशेषताहरू:

| | |
|---|---|
| बीमित | : बच्चा |
| प्रस्तावक | : माता / पिता |
| बीमा अवधि | : ५ वर्ष - २५ वर्ष |

### बीमाशुल्क भुक्तानी अवधि:

| | |
|---|---|
| नियमित अवधि भुक्तानीको हकमा | : बीमा अवधि बराबर |
| एकल भुक्तानीको हकमा | : एकल |

सिमित अवधि भुक्तानीको हकमा

| बीमा अवधि (वर्ष) | बीमा शुल्क भुक्तानी अवधि (वर्ष) |
|---|---|
| २० | १५/१०/५ |
| १५ | १०/५ |
| १० | ५ |

| | |
|---|---|
| बीमितको प्रवेश उमेर | : जन्मेको दिन देखि १७ वर्ष सम्म |
| बीमितको बीमा समाप्ति उमेर | : १८ वर्ष देखि २५ वर्ष |
| प्रस्तावकको प्रवेश उमेर | : २१ वर्ष देखि ६० वर्ष सम्म |
| प्रस्तावकको बीमा समाप्ति अधिकतम उमेर | : ७० वर्ष |
| बीमाङ्क रकम | : रु. ५०,०००/- देखि रु. ५०,००,०००/- |
| बीमाशुल्क भुक्तानी तरिका | : एकल, वार्षिक, अर्धवार्षिक, त्रैमासिक |

## यस योजना अन्तर्गत जोखिम प्रारम्भ हुने अवस्थाहरू:

प्रस्तावकको हकमा बीमा प्रारम्भ मिति देखि जोखिम बहन प्रारम्भ हुन्छ भने बीमित (बच्चा) को हकमा बीमा प्रारम्भ मितिले २ वर्ष वा बीमितको उमेर ६ वर्ष पुगेको मिति पछिको बीमालेखको वार्षिकोत्सव मिति मध्ये जुन मिति पछि हुन्छ सो मिति देखि मात्र जोखिम प्रारम्भ हुन्छ ।

## दाबी रकम भुक्तानी दिइने अवस्थाहरू:

यस बीमालेखको शर्त तथा बन्देजहरुको अधिनमा रही देहायको अवस्थामा निम्नानुसारको रकम भुक्तानी दिइने छ :

१. चालु बीमालेख अन्तर्गत बीमालेखको अवधि सम्म बीमित जीवित रहेमा बीमा समाप्ती हुने मिति पश्चात् बीमाङ्क रकम र नियमानुसारको बोनस रकम भुक्तानी गरिनेछ ।

२. चालु बीमालेख अन्तर्गत बीमितको जोखिम प्रारम्भ हुने मिति अगावै बीमितको मृत्यु भएमा यस बीमालेख वापत बीमकलाई भुक्तानी गरिएको बीमाशुल्क (पूरक करारको बीमाशुल्क बाहेक, कुनै भए) रकम भुक्तानी गरिनेछ ।

३. चालु बीमालेख अन्तर्गत बीमितको जोखिम प्रारम्भ मिति पछि मृत्यु भएमा बीमाङ्क रकमको २५% (पच्चीस प्रतिशत) र नियमानुसारको बोनस रकम वा बीमकलाई भुक्तानी गरिएको बीमाशुल्क (पूरक करारको बीमाशुल्क बाहेक, कुनै भए) रकम मध्ये जुन रकम बढी हुन्छ सो रकम भुक्तानी गरिनेछ ।

४. चालु बीमालेख अन्तर्गत प्रस्तावक र बीमित दुबैको एउटै दुर्घटनाको कारणबाट एक साथ मृत्यु भएमा देहाय बमोजिम भुक्तानी दिइने छ:

(क) प्रस्तावकको मृत्यु वापत बीमाङ्क रकम,

(ख) बीमितको जोखिम प्रारम्भ भएको अवस्थामा बीमाङ्क रकमको पच्चीस प्रतिशत रकम र बीमितको जोखिम प्रारम्भ नभएको अवस्थामा यस बीमालेख वापत बीमकलाई भुक्तानी गरिएको बीमाशुल्क (पूरक करारको बीमाशुल्क बाहेक, कुनै भए) रकम, र

(ग) नियमानुसारको बोनस रकम ।

५. प्रस्तावकको मृत्यु भएको मिति पछि यस बीमालेख अन्तर्गत तिर्नुपर्ने बीमाशुल्क छुट हुनेछ ।

६. बीमालेखको अवधि भित्र प्रस्तावकको मृत्यु भएमा बीमाङ्क रकमको एक प्रतिशतले हुने रकम प्रस्तावकको मृत्यु मिति पछिको अर्को महिना देखि मूल बीमालेख परिपक्व हुने मिति वा बीमितको मृत्यु जुन अघि हुन्छ सो अवधि सम्म किस्ताबन्दीमा मासिक आय लाभ बीमितलाई भुक्तानी गरिनेछ ।

यस बीमालेख अन्तर्गत दाबी भुक्तानी गर्दा बीमालेख ऋण, सो ले आर्जन गरेको ब्याज (कुनै भए) र कुनै बक्यौता रकम भए सो रकम घटाई बांकी रकम भुक्तानी दिइनेछ ।




सिटिजन वार्षिक अग्रिम भुक्तानी बीमा योजना
Citizen Annual Money Back Insurance Plan

## सिटिजन वार्षिक अग्रिम भुक्तानी बीमा योजना

ग्राहकवर्गहरुको सुरक्षा र निश्चिन्तताको लागि नवीनतम योजनाहरु पस्किन सदैव अग्रसर सिटिजन लाइफ इन्स्योरेन्स कम्पनीले यही क्रमलाई निरन्तरता दिदैं सिटिजन वार्षिक अग्रिम भुक्तानी जीवन बीमा योजना नामक नयाँ बीमा योजना प्रस्तुत गरेको छ। बीमितहरुको जोखिम बहन गर्नका साथै भावी योजनाहरुलाई सार्थक बनाउन यस बीमा योजनाद्वारा कम बीमाशुल्कमै धेरै रकम बराबरको जोखिम बहन गर्न सकिन्छ। यस बीमा योजनामा ग्राहकद्वारा एकल बीमाशुल्क भुक्तानी तरिका प्रयोग गर्दा बीमा प्रारम्भ मितिले प्रत्येक वार्षिकोत्सव मितिमा बीमाङ्कको पाँच प्रतिशत रकम भुक्तानी गरिन्छ। यस विशेषताद्वारा ग्राहकहरुले वित्तीय आवश्यकताहरु पुरा गरी निर्धक्क साथ जीवनयापन गर्न र भैपरी आउने आर्थिक समस्याहरुमा सरल तरिकाबाट टेवा पुग्दछ। यसका साथै यस योजनाले बैंक तथा वित्तीय संस्थाबाट ऋण सुविधा उपभोग गरिरहेका ग्राहकवर्ग तथा निरन्तर पैसा लगानी गरिराख्ने  व्यवसायीहरुलाई समेत आफ्नो नगद प्रवाह व्यवस्थापन गर्न सहयोग गर्दछ। साथै एकल बाहेक अन्य बीमाशुल्क भुक्तानी तरिका प्रयोग गर्दा प्रत्येक वार्षिकोत्सव मितिमा भुक्तानी गरिने बीमाङ्कको पाँच प्रतिशत रकम सो वर्ष भुक्तानी गर्नुपर्ने नवीकरण शुल्कमा समायोजन गर्ने व्यवस्था गरिएको छ जस्ले गर्दा ग्राहकहरुलाई जोखिम बहन गर्नका साथै बीमा योजना अनुसारको आफ्नो बीमाशुल्क भुक्तानीको भार व्यवस्थापन गर्न समेत सरल र सहज गराउँदछ।

## विशेषताहरू:

| | |
|---|---|
| न्यूनतम प्रवेश उमेर | : १८ वर्ष देखि ६५ वर्ष |
| अधिकतम बीमा समाप्ति उमेर | : ७० वर्ष |
| बीमा अवधि | : ५ वर्ष देखि २० वर्ष |
| अधिकतम बीमाङ्क रकम | : बीमितको आयको आधारमा कम्पनीको जोखिमाङ्कन नीति अनुसार |
| बीमाशुल्क भुक्तानी तरिका | : वार्षिक, अर्धवार्षिक, त्रैमासिक, एकल |

## बीमाङ्क रकम भुक्तानी दिइने अवस्था :

**(क) बीमा अवधि सम्म बीमित जीवित रहेमा यस बीमालेखको शर्तहरुको अधिनमा रही देहाय अनुसारको रकम भुक्तानी गरिनेछ :**

(१) एकल बीमाशुल्क भुक्तानी योजना अन्तर्गत बीमा प्रारम्भ मितिले प्रत्येक वार्षिकोत्सव मितिमा बीमाङ्कको पाँच प्रतिशत रकम भुक्तानी गरिने छ।

(२) एकल बाहेक अन्य बीमाशुल्क भुक्तानी तरिका प्रयोग गर्दा बीमा प्रारम्भ मितिले प्रत्येक वार्षिकोत्सव मितिमा भुक्तानी गरिने बीमाङ्कको पाँच प्रतिशत रकम सो वर्ष भुक्तानी गर्नुपर्ने नवीकरण शुल्कमा समायोजन गर्ने व्यवस्था गरिने छ ।

(३) बीमा समाप्ती मितिमा बीमाङ्क रकमबाट प्रत्येक वर्ष अग्रीम भुक्तानी भएको वा बीमाशुल्कमा समायोजन गरिएको रकम कट्टा गरी बाँकी रहेको बीमाङ्क र नियमानुसारको बोनस रकम भुक्तानी गरिने छ ।

**(ख) बीमा समाप्ती मिति अगावै बीमितको मृत्यु भएमा यस बीमालेखको शर्तहरुको अधिनमा रही पुरै बीमाङ्क तथा नियमानुसारको बोनस रकम बीमितले इच्छाएको व्यक्ति वा निजको हकवालालाई भुक्तानी गरिनेछ ।**




सिटिजन शुभारम्भ योजना
Citizen Endowment Plus

## सिटिजन शुभारम्भ योजना

सिटिजन शुभारम्भ जीवन बीमा योजनामा दीर्घकालीन बचतका साथ बीमा अवधिभर बीमितको जोखिम बहन गर्ने सुविधा रहेको छ । यस योजनमा भविष्यमा आफूलाई चाहिने रकमको आवश्यक्तालाई दृष्टिगत गरी आफ्नो आर्थिक बचत क्षमता अनुसार बीमा गराई बीमा समाप्तिमा बीमाङ्क रकम तथा आर्जित बोनस एकमुष्ट भुक्तानी पाउने व्यवस्था भएकोले यो बीमा योजना जनसाधारणको सबैभन्दा लोकप्रिय जीवन बीमा योजना हुन आएको छ ।

## विशेषताहरू:

| | |
|---|---|
| प्रवेश उमेर | : १८ वर्ष देखि ६५ वर्ष |
| अधिकतम बीमा समाप्ति उमेर | : ७० वर्ष |
| बीमा अवधि | : ५ वर्ष देखि ३५ वर्ष |
| न्यूनतम बीमाङ्क रकम | : रु. ५०,०००/- |
| अधिकतम बीमाङ्क रकम | : बीमितको आयको आधारमा कम्पनीको जोखिमाङ्कन नीति अनुसार |
| बीमाशुल्क भुक्तानी तरिका | : एकल, वार्षिक, अर्धवार्षिक, त्रैमासिक । |

## बीमाङ्क रकम भुक्तानी दिइने अवस्था :

क) बीमा समाप्ति मिति सम्म बीमित जीवित रहेमा बीमालेखको शर्तहरुको अधिनमा रही उक्त मितिमा बीमाङ्क रकम र बोनस रकम भुक्तानी गरिनेछ ।
ख) बीमा समाप्ति मिति अगावै बीमितको मृत्यु भएमा बीमालेखको शर्तहरुको अधिनमा रही बीमाङ्क र नियमानुसारको बोनस रकम भुक्तानी गरिनेछ ।




## ऐच्छिक सुविधाहरू :

बीमा योजनाका साथ थप बीमाशुल्क भुक्तानी गरी देहाय बमोजिमका ऐच्छिक सुविधाहरु पनि लिन सकिन्छ :

**१. दुर्घटना मृत्यु लाभ (Accidental Death Benefit):**

बीमितले अतिरिक्त बीमाशुल्क भुक्तानी गरी दुर्घटना मृत्यु लाभ लिन चाहेमा बीमालेखमा यो सुविधा समावेश गर्न सकिनेछ । यो सुविधा लिएमा बीमा अवधि भित्र बीमालेख चालू रहेको अवस्थामा बीमितको दुर्घटनाको कारणबाट मृत्यु भएमा बीमाङ्क रकम बराबर वा रु. १,००,००,००० (रु. एक करोड) मध्ये जुन कम हुन्छ सो रकम दुर्घटना मृत्यु लाभ वापत भुक्तानी गरिनेछ । उक्त रकमको भुक्तानी बीमालेखमा उल्लेखित व्यवस्था बमोजिम गरिनेछ ।

**२. स्थायी पूर्ण अशक्तता लाभ (Permanent Total Disability Benefit):**

बीमित/प्रस्तावकले अतिरिक्त बीमाशुल्क भुक्तानी गरी स्थायी पूर्ण अशक्तता लाभ लिन चाहेमा बीमालेखमा यो सुविधा समावेश गर्न सकिनेछ । यो सुविधा अन्तर्गत बीमा अवधि भित्र बीमालेख चालू रहेको अवस्थामा बीमित/प्रस्तावकको दुर्घटनाको कारणबाट स्थायी पूर्ण अशक्तता भएमा बीमाङ्क रकम बराबर वा रु. १,००,००,००० (रु. एक करोड) मध्ये जुन कम हुन्छ सो रकम स्थायी पूर्ण अशक्तता लाभ वापत भुक्तानी गरिनेछ । उक्त रकमको भुक्तानी बीमालेखमा उल्लेखित व्यवस्था बमोजिम गरिनेछ ।

**३. बीमाशुल्क छुट लाभ (Premium Waiver Benefit):**

बीमित/प्रस्तावकले अतिरिक्त बीमाशुल्क भुक्तानी गरी बीमाशुल्क छुट लाभ लिन चाहेमा बीमालेखमा यो सुविधा समावेश गर्न सकिनेछ । यो सुविधा अन्तर्गत बीमा अवधि भित्र बीमालेख चालू रहेको अवस्थामा बीमित/प्रस्तावकको दुर्घटनाको कारणबाट स्थायी पूर्ण अशक्तता भएमा तत्पश्चात् बीमा अवधिको लागि तिर्नुपर्ने बीमाशुल्क भुक्तानीमा पूर्ण छुट प्रदान गरिनेछ ।

**४. मासिक आय लाभ (Monthly Income Benefit):**

बीमित/प्रस्तावकले अतिरिक्त बीमाशुल्क भुक्तानी गरी मासिक आय लाभ लिन चाहेमा बीमालेखमा यो सुविधा समावेश गर्न सकिनेछ । यो सुविधा अन्तर्गत बीमा अवधि भित्र बीमालेख चालु रहेको अवस्थामा बीमित/प्रस्तावक दुर्घटनाको कारणबाट स्थायी पूर्ण अशक्तता भएमा दुर्घटना मिति पछिको प्रत्येक महिनाको अन्तमा मूल बीमालेख परिपक्व हुने मिति वा बीमित/प्रस्तावकको मृत्यु जुन अघि हुन्छ सो अवधि सम्म बीमित/प्रस्तावकलाई बीमाङ्क रकमको १ प्रतिशत बराबरको रकम मासिक रुपमा भुक्तानी गरिनेछ ।

**५. काजक्रिया खर्च सुविधा (Funeral Expense Benefit):**

बीमित/प्रस्तावकले अतिरिक्त बीमाशुल्क भुक्तानी गरी काजक्रिया खर्च सुविधा लिएमा बीमा अवधि भित्र बीमालेख चालु रहेको अवस्थामा बीमित/प्रस्तावकको कुनै कारणबाट मृत्यु भएमा बीमाङ्क रकमको २५ प्रतिशतले हुने रकम वा रु. ५०,००० (पचास हजार) मध्ये जुन कम हुन्छ सो रकम काजक्रिया खर्च वापत भुक्तानी गरिनेछ ।

**६. सिटिजन घातक रोग सुविधा** (Citizen Critical Illness Benefit):

सिटिजन घातक रोग सुविधा अन्तर्गत बीमा अवधि भित्र बीमालेख चालु रहेको अवस्थामा **Citizen Critical Care** अन्तर्गत १३ तथा **Citizen Critical Care Plus** अन्तर्गत २० वटा घातक रोगहरुको बीमा रक्षावरण हुनेछ । उक्त रोगहरु निदान भएको अवस्थामा घातक रोग लाभको करारमा उल्लेखित बीमाङ्क भुक्तानी गरिनेछ ।

**७. दुई गुणा बीमाङ्क लाभ** (Double Sum Assured Benefit):

बीमा अवधि भित्र बीमालेख चालु रहेको अवस्थामा बीमितको मृत्यु भएमा बीमा अवधि समाप्त भए पश्चात् यो सुविधा अन्तर्गत थप बीमाङ्क रकम बीमालेखमा इच्छाएको व्यक्तिलाई भुक्तानी गरिनेछ ।

**८. म्यादी बीमा लाभ** (Term Rider – BBY Plus Benefit):

प्रस्तावकले अतिरिक्त बीमाशुल्क भुक्तानी गरी म्यादी बीमा लाभ लिन चाहेमा बीमालेखमा यो सुविधा समावेश गर्न सकिने छ । यो सुविधा अन्तर्गत बीमा अवधि भित्र बीमालेख चालु रहेको अवस्थामा प्रस्तावकको मृत्यु भएमा बीमाङ्क रकम बराबरको रकम म्यादी बीमा वापत भुक्तानी गरिनेछ । उक्त रकमको भुक्तानी बीमालेखमा उल्लेखित ब्यवस्था बमोजिम गरिनेछ ।

द्रष्टव्यः ऐच्छिक सुविधाहरु अन्तर्गत सिटिजन बाल भविष्य योजना प्लसमा प्रस्तावकको र अन्य योजनाको हकमा बीमितको जोखिम रक्षावरण हुनेछ ।

Citizen
Critical Care Plus

## सिटिजन घातक रोग सुविधा

समयसँगै हाम्रो बदलिँदो खान पान, व्यस्त एवं तनावपूर्ण अवस्था, प्रदुषित वातावरणीय प्रभाव, नियमित शारीरिक व्यायामको कमी जस्ता जीवनशैलीमा भएको व्यापक परिवर्तनको प्रभाव हाम्रो जीवनमा गहिरो रुपमा पर्दैछ । साथै विभिन्न कारणवश मानिसहरु नियमित रुपमा स्वास्थ्य परीक्षण, व्यायाम, आराम, स्वच्छ तथा स्वस्थ र पोषिलो खाने कुरामा पर्याप्त समय दिन पाउँदैनन् । यस परिवर्तित अवस्थाले मानिसहरुमा विभिन्न गम्भीर एवं घातक रोगहरु जस्तै क्यान्सर, पक्षघात, हृदयघात, मृगौला विफलता, कलेजो विफलता आदिको संक्रमण कम उमेरमै बढ्दै गएको कुरा हामी सबै बीच अवगत नै छ । मेडिकल क्षेत्रमा विज्ञानले पुऱ्याएको अतुलनीय विकासले आज यस्ता रोगहरु धेरै हद सम्म निदान गर्न सम्भव भए पनि महँगो औषधि उपचारका कारण कयौं मानिसहरु आज पनि उपचार विहिन अवस्था वा ज्यान गुमाउन बाध्य छन् ।

तसर्थ सिटिजन लाइफले यस्ता घातक रोगहरु लाग्न सक्ने अनिश्चिततालाई मध्यनजर राखी घातक रोग लागेको अवस्थामा उपचार खर्च व्यहोरी बीमितको आर्थिक जोखिम कम गर्नको लागि सिटिजन कृटिकल केयर नामक घातक रोग सुविधा तपाईंहरु माझ ल्याएको छ ।

सिटिजन घातक रोग ऐच्छिक सुविधा अन्तर्गत बीमा अवधि भित्र बीमालेख चालु रहेको अवस्थामा Citizen Critical Care अन्तर्गत १३ तथा Citizen Critical Care Plus अन्तर्गत २० वटा घातक रोगहरुको बीमा रक्षावरण हुनेछ । उक्त रोगहरु निदान/पहिचान (Diagnosis) भएको अवस्थामा घातक रोग लाभको करारमा उल्लेखित बीमाङ्क रकम बिल/बिजक बिना नै भुक्तानी गरिनेछ । सिटिजन लाइफ इन्स्योरेन्सको सबै बीमा योजनाहरुसँग समेत यो सुविधा उपलब्ध छ । सिटिजन घातक रोग सुविधा मार्फत घातक रोगहरुको औषधी-उपचार खर्चको लागि रु. ५०,००,००० सम्म एकमुष्ट रकम उपलब्ध हुनेछ ।

### सिटिजन घातक रोग सुविधाले बीमितलाई निम्न बमोजिम सहयोग पुऱ्याउने छ

- गम्भीर रोग लागेको अवस्थामा आर्थिक समस्या न्यून गर्ने,
- बीमित र बीमितको परिवारको आर्थिक भार न्यून गरी संकटको समयमा कामबाट बिश्राम लिई कुनै प्रकारको मानसिक तनाव बिना आफ्नो प्रियजनको हेरचाहको लागि समय दिन सकिने,
- स्तरीय जीवन कायम राख्न मद्दत पुऱ्याउने ।

## विशेषताहरू:

| | |
|---|---|
| बीमाङ्क रकम | : रु. ५०,००० देखि रु. ५०,००,००० सम्म |
| प्रवेश उमेर | : १८ वर्ष देखि ५५ वर्ष |
| बीमा अवधि | : ५ वर्ष देखि २५ वर्ष |
| अधिकतम बीमा समाप्ति उमेर | : ६५ वर्ष |

## रक्षावरण गरिएका घातक रोगहरू

### सिटिजन कृटिकल केयर-१३

1. Cancer of Specified Severity
2. Open Chest CABG
3. Myocardial Infarction (First Heart Attack of Specified Severity)
4. Kidney Failure requiring Regular Dialysis
5. Major Organ/Bone Marrow Transplant
6. Stroke resulting in Permanent Symptoms
7. Permanent Paralysis of Limbs
8. Open Heart Replacement or Repair of Heart Valves
9. Coma of Specified Severity
10. Multiple Sclerosis with persisting Symptoms
11. Aorta Graft Surgery
12. Primary (Idiopathic) Pulmonary Arterial Hypertension
13. Sickle Cell Anemia

### सिटिजन कृटिकल केयर प्लस-२०

1. Cancer of Specified Severity
2. Open Chest CABG
3. Myocardial Infarction (First Heart Attack of Specified Severity)
4. Kidney Failure requiring Regular Dialysis
5. Major Organ/Bone Marrow Transplant
6. Stroke resulting in Permanent Symptoms
7. Permanent Paralysis of Limbs
8. Open Heart Replacement or Repair of Heart Valves
9. Coma of Specified Severity
10. Multiple Sclerosis with persisting Symptoms
11. Aorta Graft Surgery
12. Primary (Idiopathic) Pulmonary Arterial Hypertension
13. Sickle Cell Anemia
14. End Stage Liver Failure
15. Loss of Speech
16. Third Degree Burns
17. Alzheimer's Disease before the age of 50 years
18. Parkinson's Disease before the age of 50 years
19. Deafness
20. Benign Brain Tumor

*माथि उल्लेखित घातक रोगको परिभाषा र अवस्था बीमालेखमा उल्लेख भए बमोजिम हुनेछ र घातक रोग लागेको अवस्थामा शर्तहरुको अधिनमा रहि शत प्रतिशत बीमाङ्क रकम भुक्तानी गरिनेछ ।



## मुख्य योजनामा प्राप्त गर्न सकिने/नसकिने सुविधा

| सिटिजन बीमा योजना | दुर्घटना मृत्यु लाभ | स्थायी पूर्ण अशक्तता लाभ | बीमाशुल्क छुट लाभ | मासिक आय लाभ | काजक्रिया खर्च सुविधा | सिटिजन घातक रोग सुविधा | दुई गुणा बीमाङ्क | म्यादी बीमा |
|---|---|---|---|---|---|---|---|---|
| शुभारम्भ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✗ |
| वार्षिक अग्रिम भुक्तानी | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✗ |
| अग्रिम भुक्तानी | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✗ | ✗ |
| बाल भविष्य योजना प्लस | ✗ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✗ | ✓ |
| जीवन सारथी | ✓ | ✓ | ✓ | ✗ | ✗ | ✓ | ✗ | ✗ |

*शर्तहरु लागु हुनेछन्।

## अतिरिक्त सुविधाहरू :

- **बीमालेख समर्पण तथा कर्जा:** बीमाशुल्क रकम वार्षिक/अर्धवार्षिक/त्रैमासिक किस्ताबन्दीमा भुक्तानी गरिने बीमालेखको हकमा पूरा तीन वर्षको बीमाशुल्क भुक्तानी भई बीमा प्रारम्भ मितिबाट तीन वर्ष अवधि पूरा भए पश्चात् तथा एकल बीमाशुल्क भुक्तानी गर्ने बीमालेखको हकमा बीमा प्रारम्भ मितिबाट तीन वर्ष अवधि पूरा भए पश्चात् बीमालेख समर्पण गर्न सकिने तथा बीमालेख धितो राखी ऋण लिन सकिने छ ।
- **थप सुविधा:** जीवन सारथी बीमा योजनामा मात्र भएको थप सुविधा: बीमितको उमेर ७० वर्ष पुगे पश्चात जीवित लाभ खण्डको तालिका बमोजिम भुक्तानी हुने रकमबाट समेत कर्जा लिन सकिने ।

## थप छुट: बीमाङ्क रकमको आधारमा बीमा शुल्क दरमा निम्न बमोजिम छुट प्रदान गरिनेछ :

| बीमा योजना /बीमाङ्क रकम | रु. ३,००,००१/- देखि रु. ५,००,०००/- सम्म | रु. ५,००,०००/- भन्दा माथि |
|---|---|---|
| जीवन सारथी | - | - |
| अग्रीम भुक्तानी | रु. १ | रु. २ |
| वार्षिक अग्रिम भुक्तानी | रु. १ | रु. २ |
| शुभारम्भ | - | - |

## बाल भविष्य योजना प्लसको हकमा

| बीमा योजना /बीमाङ्क रकम | रु. ४,०१,०००/- देखि रु. ६,५०,९९९/- सम्म | रु. ६,५१,०००/- र सो भन्दा माथि |
|---|---|---|
| बाल भविष्य योजना प्लस | रु. १ | रु. २ |

## बीमाशुल्क भुक्तानी तरिकाको आधारमा निम्न बमोजिम बीमाशुल्क थप/छुट प्रदान गरिनेछ :

| जीवन बीमा योजना | बार्षिक | अर्ध-बार्षिक | त्रैमासिक | एकल |
|---|---|---|---|---|
| जीवन सारथी | २% छुट | १% छुट | कुनै थप/ छुट छैन | कुनै थप/ छुट छैन |
| अग्रीम भुक्तानी | २% छुट | १% छुट | कुनै थप/ छुट छैन | कुनै थप/ छुट छैन |
| वार्षिक अग्रीम भुक्तानी | २% छुट | १% छुट | कुनै थप/ छुट छैन | कुनै थप/ छुट छैन |
| बाल भविष्य योजना प्लस | २% छुट | १% छुट | कुनै थप/ छुट छैन | कुनै थप/ छुट छैन |
| शुभारम्भ | कुनै थप/ छुट छैन | १% थप | २% थप | कुनै थप/ छुट छैन |

*द्रष्टव्य: यसमा उल्लेखित विवरणहरु ग्राहकलाई जानकारी दिने उद्देश्यले राखिएका हुन्। यसमा उल्लेखित विवरणहरु बीमालेखका शर्त तथा सुविधासँग बाझिएमा बीमालेख बमोजिम हुनेछ।

# हाम्रा कार्यालयहरू

## प्रदेश नं १ : कोशी

| शाखा | फोन | मोबाइल |
|---|---|---|
| ताप्लेजुङ | ०२४-४६०५४२ | ९८५२६६०३५१ |
| खाँदबारी | ०२९-५६२८२९ | ९८५२०९९९६६ |
| सोलुखुम्बु | ०३८-५२०१८७ | ९८५२८८५०५० |
| ओखलढुङ्गा | ०३७-५२०६९८ | ९८५२८४०६९८ |
| भोजपुर | ०२९-४२०६८६ | ९८५२०८८८८५ |
| धनकुटा | ०२६-५२३८०८ | ९८५२०७२१७२ |
| फिदिम | ०२४-५२२०२१ | ९८५२६८४१२१ |
| इलाम | ०२७-५२४५८५ | ९८५२६८५९०० |
| दमक | ०२३-५७२२५८ | ९८५२६६०७०० |
| चन्द्रगढी | ०२३-४५२२३० | ९८५२६२१९८६ |
| धुलाबारी | ०२३-५६४३१४ | ९८५२६२९९८० |
| विराटनगर | ०२१-५७२६३९/४० | ९८५२०३९३३९ |
| बिराटचोक | ०२१-५४७१७२ | ९८५२०४५४८३ |
| पथरी | ०२१-५५५४५५ | ९८५२०८०२३५ |
| बिर्तामोड | ०२३-५३३७४२/५३३२९९ | ९८५२६४४०६१ |
| इटहरी | ०२५-५८३२४१/५८४४३० | ९८५२०७५५४६ |
| इनरुवा | ०२५-५६६३९७/५६६६६४ | ९८५२०४३१५३ |
| चक्रघट्टी | ०२५-५५११५७ | ९८५२०८६१६८ |
| तरहरा | ०२५-४७५०२० | ९८५२०४४०१४ |
| झुम्का | ०२५-५६२११० | ९८५२०६१६५९ |
| धरान | ०२५-५७०५७९/५३७५७९ | ९८५२०६०५७९ |
| गाईघाट | ०३५-४२२२२८ | ९८५२८३२०३७ |
| कटारी | ०३५-४५०३०९ | ९८५४०७७६९१ |

## प्रदेश नं २ : मधेश

| शाखा | फोन | मोबाइल |
|---|---|---|
| कञ्चनपुर | ०३१-५६०६६१ | ९८५२८६०००९ |
| राजविराज | ०३१-५३१२१९ | ९८५२८२१३५५ |
| मिर्चैया | ०३३-५५०११२ | ९८५२८२३२४१ |
| लहान | ०३३-५६३३८९ | ९८५२८३१००२ |
| सिरहाबजार | ०३३-५२०८०० | ९८५२८३४८३५ |
| गोलबजार | ०३३-५४०६१८ | ९८५२८३३३७९ |
| महेन्द्रनगर (धनुषा) | | ९८५४०२८८६१ |
| जलेश्वर | ०४४-५२०७३६ | ९८५४०२९७३८ |
| बर्दिबास | ०४४-५५०७२६ | ९८५४०२६३५१ |
| मलंगवा | ०४६-५२१७७८ | ९८५४०४४४५१ |
| बरहथवा | ०४६-५४०५२१ | ९८५४०४४४५० |
| लालबन्दी | ०४६-५०१७४१ | ९८५४०४२५०६ |
| जनकपुर | ०४१-५९०८७० | ९८५४०२५९०१ |
| चन्द्रनिगाहपुर | ०५५-५४०४१९ | ९८५५०४१७३८ |
| कलैया | ०५३-५५०३२६ | ९८५५०४९४९५ |
| बिरगंज | ०५१-५३४०५६ | ९८५५०३७८४६ |

## प्रदेश नं ३ : बागमती

| शाखा | फोन | मोबाइल |
|---|---|---|
| चरिकोट | ०४९-४२१४१८ | ९८५४०२२६८८ |
| मेलम्ची | ०११-४०११५३ | ९८५१२११३५९ |
| धादिङ्ग वेसी | ०१०-५२०४१० | ९८५११६०४१० |
| बद्दार | ०१०-५६१९७४/७५ | ९८५१२२७९१५ |
| बानेश्वर | ०१-४७९६८२८/२२ | ९८५१३१४७५५ |
| जमल | ०१-५३५४९९२/५३५३८८१ | ९८५१२४७१७८ |
| चावहिल | ०१-४५८३८९६/९७ | ९८५१२२७३१२ |
| कलंकी | ०१-५२३४६४७ | ९८५१२०४०९९ |
| बालाजु | ०१-४९८२८६३ | ९८५१२५५४०० |
| टोखा | ०१-५११०४०८/५९१२४०८ | ९८५१२५४९६७ |
| महाराजगंज | ०१-४७२०७८४ | ९८५१२५४०५९ |
| जरंखु | ०१-४०२५७६८ | ९८५१२१४६८० |
| किर्तिपुर | ०१-५९०४९०९ | ९८५१३११३५७ |
| थली | ०१-५९१७५५९ | ९८५१३३९१०९ |
| त्रिपुरेश्वर | ०१-५९०१३०२ | ९८५१३२२०१२ |
| स्वयम्भू | ०१-५३१४५४६ | ९८५१३२५०९९ |
| कोटेश्वर | ०१-५१९९५९१ | ९८५११८५२३१ |
| सतुङ्गल | ०१-५१०८४४० | ९८५१२५३९६७ |
| सूर्यविनायक | ०१-५०९२०८५ | ९८५१२४७१७६ |
| पेप्सीकोला | ०१-५९०७६०५ | ९८५१२७७९१४ |
| गद्दाघर | ०१-५९११३३५ | ९८५१३१८९६१ |
| पाटन | ०१-५४५१२२६/५५५४६१३ | ९८५१२४७१८१ |
| थैब | ०१-५९०७८१० | ९८५१२५५८०१ |
| इमाडोल | ०१-५२०४८२२ | ९८५१३२६६७५ |
| भैंसेपाटी | ०१-५९१०२२३ | ९८५११८४९१४ |
| चापागाँउ | ०१-५१५१७०० | ९८५१११८५६१ |
| रामेछाप | ०४८-५४०५८८/५४०६१८ | ९८५४०२२४८८ |
| बनेपा | ०११-६६४५६१/६६००८९ | ९८५१२४७१८३ |
| हेटौंडा | ०५७-५२१५९६/५२११९६ | ९८५५०२७३३४ |
| सिन्धुली | ०४७-५२१२०५ | ९८५४०४२५०५ |
| नारायणगढ | ०५६-५९८१०४/०५ | ९८५५०८८२२८ |
| भण्डारा | ०५६-५५०१४९ | ९८५५०७३५०१ |
| टाँडी | ०५६-५९३२५७ | ९८५५०२५१३२ |
| चनौली | | ९८५५०४६४५२ |

## प्रदेश नं ४ : गण्डकी

| शाखा | फोन | मोबाइल |
|---|---|---|
| गोरखा | ०६४-४२०५२० | ९८५६०४३१७० |
| बेनी | ०६९-५२१३१३ | ९८५७६६११०० |
| पोखरा | ०६१-५५२०४९/४८ | ९८५६०८८५४४ |
| लेखनाथ | ०६१-५६४९४९ | ९८५६०८१२१३ |
| हेम्जा | ०६१-५९०४४९ | ९८५६०८८५४२ |
| बेसीशहर | ०६६-५२१३८६ | ९८५६०४६८०० |
| दुलेगौंडा | ०६५-४१४४७१ | ९८५६०४८२८० |
| दमौली | ०६५-५६३९८५ | ९८५६०६३९८५ |
| भिमाद | ०६५-५७२४७५ | ९८५६०८८५४३ |
| कावासोती | ०७८-५४०४८७ | ९८५७०१७३०५ |
| वालिङ्ग | ०६३-४४१०५९ | ९८५६०७००५९ |
| कुश्मा | ०६७-४२०६५३ | ९८५७६४५६५३ |
| बाग्लुङ्ग | ०६८- ५२१४९७/५२१२९७ | ९८५७६२१८०० |
| बुर्तिबाङ | ०६८-४१०२७५ | ९८५७६२७२७५ |

## प्रदेश नं ५ : लुम्बिनी

| शाखा | फोन | मोबाइल |
|---|---|---|
| रोल्पा | ०८६-४४००७८ | ९८५७८८६४४० |
| बिजुवार | ०८६-४६०१७९ | ९८५७८८६४२२ |
| तम्घास | ०७९-५२०८६० | ९८५७०४९८८८ |
| अर्घाखाँची | ०७७-४२०६०६/४२०४२२ | ९८५७०२१०५२ |
| पाल्पा | ०७५-५२२०२७/२८ | ९८५७०१७३०४ |
| रामपुर | ०७५-४००५१९ | ९८५७०७६०३९ |
| बर्दघाट | ०७८-५८०५०६/०३ | ९८५७०१७३०१ |
| परासी | ०७८-५९०६१८ | ९८५७०४९६१८ |
| भैरहवा | ०७१-५७०१२६/२७ | ९८५७०१७४२६ |
| बुटवल | ०७१-५३९६०४/०५ | ९८५७०१७३०३ |
| देवदह | ०७१-५७७३८४ | ९८५७०८५१७० |
| मुर्गिया | ०७१-४४०४०९ | ९८५७०४४४०९ |
| फर्साटिकर | ०७१-४०००१४ | ९८५७०१२२१८ |
| भलवारी | ०७१-५९०५५० | ९८५७०४९०५१ |
| जीतपुर | ०७६-५५०४१७ | ९८५७०१७३०२ |
| चन्द्रौटा | ०७६-५४०६६० | ९८५७०१४६६० |
| तौलिहवा | ०७६-५९०५५५ | ९८५७०१७३६४ |
| घोराही | ०८२-५६३९०१/०२ | ९८५७८४४२०० |
| लमही | ०८२-५४०९२९ | ९८५७८४१०६० |
| तुलसीपुर | ०८२-५२३५२७ | ९८५७८४०५९८ |
| नेपालगंज | ०८१-५९०२८७ | ९८५८०४२१४१ |
| कोहलपुर | ०८१-५४१२८०/५४१२८८ | ९८५८०४२१४४ |
| खजुरा | ०८१-५६००८४ | ९८५८०४२१४६ |
| गुलरिया | ०८४-४२०७८५ | ९८५८०४८२३४ |
| भुरीगाउं | ०८४-४०३१९४ | ९८५८०६४०३० |
| बाँसगढी | ०८४-४००२१७ | ९८५८०४२१४५ |
| राजापुर | ०८४-४६०३०८ | ९८५८०४५१२५ |

## प्रदेश नं ६ : कर्णाली

| शाखा | फोन | मोबाइल |
|---|---|---|
| मुगु | ०८७-४६०२६८ | ९८५८३९०२०० |
| जुम्ला | ०८७-५२०२७१ | ९८५८३६६२७१ |
| दैलेख | ०८९-४२०२८७ | ९८५८०२२५७० |
| जाजरकोट | ०८९-४३०३०३ | ९८५८०८६३३० |
| खलङ्गा | ०८८-५३०१३२ | ९८५७८७१३३३ |
| श्रीनगर | ०८८-४०००४७ | ९८५७८५६०५६ |
| सल्लीबजार | ०८८-४११००७ | ९८५८०४२१२२ |
| बिरेन्द्रनगर | ०८३-५२०५७१/५२१५७१ | ९८५८०५८६८१ |

## प्रदेश नं ७ : सुदूरपश्चिम

| शाखा | फोन | मोबाइल |
|---|---|---|
| चैनपुर | ०९२-४२१३८६ | ९८५८४८८२०७ |
| डडेलधुरा | ०९६-४१०२६५/६४ | ९८५८७४५४३३ |
| दिपायल | ०९४-४१२२९० | ९८५८४८२००३ |
| अछाम | ०९७-६२५२१३ | ९८५८४८८२२९ |
| बौनिया | ०९१-४०४२०९ | ९८५८४८२५८१ |
| धनगढी | ०९१-४१७३९९/४१७३३२ | ९८५८४७७२२८ |
| टिकापुर | ०९१-५६०७१५ | ९८५८४८०८१० |
| लम्की | ०९१-५४०३७५ | ९८५८४४०४७५ |
| पहलमानपुर | ०९१-४००१८८ | ९८५८४७८१८८ |
| अत्तरीया | ०९१-५५०३६७/५५०२८६ | ९८५८४२३९२८ |
| महेन्द्रनगर | ०९९-५२००२७/५२०६४३ | ९८५८७४५४२१ |
| झलारी | ०९९-५४०२७२ | ९८५८७८४८०५ |
| बेलौरी | ०९९-५८०३४९ | ९८५८७८४५०७ |

Citizen Life Insurance

समृद्धि तपाईंको, साथ हाम्रो


**सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**

प्रधान कार्यालयः एल.एस. कम्प्लेक्स, थापाथली, काठमाडौं। फोनः ०१-५९७०२१७, ५३१६०००

ई-मेलः info@citizenlifenepal.com, customer.services@citizenlifenepal.com

वेबसाइटः www.citizenlifenepal.com